निर्णय गरियो ।

१३. यस खानीखोला गाउँपालिका अन्तर्गत रहेको वोरन-गोल्टार ग्रामिण सडकको नामम रहेको रकमवाट निर्माण कार्य सम्पन्न भएकोले सो सडकको रकम निकासा गर्ने गराउन निर्णय गरियो ।

१४. खानीखोला गाउँपालिकाको आ.व. २०७५/०७६ मा गाउँपालिकावाट सम्वोधन हुन र गर्न नसकेका तपसिलमा उल्लेखित योजना तथा कार्यक्रमलाई संघीय नेपाल सरकारसँग वजेट माग गर्ने निर्णय गरियो ।

क. संघीय सरकारसँग अपेक्षा गरिएका योजना तथा कार्यक्रम : तपसिलमा प्रस्तावित योजना तथा कार्यक्रमहरू प्राथमिकताको आधारमा प्रस्तावित गरिएको छ ।

१. खोपासी ताल्ढुंगा कर्मैया सडक स्तरोन्नती र कालोपत्रे गर्नुपर्ने ।

२. च्याल्टी फलामेटार ताल्ढुंगा सडक नयाँ ट्र्याक निर्माण र स्तरोन्नती ।

३. पर्यटन क्षेत्र घोषणा भएको वेथान-नारायणस्थान देउराली ताल्ढुंगा सडक निर्माण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको नमूना गन्तव्य बनाउन संघीय नेपाल सरकार सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयमा अनुरोध गर्ने । साथै खानीखोला गाउँपालिकामा रहेका पर्यटकीय रुपमा विशेष महत्वका मठ मन्दिर गुफा लयायतमा वजेट माग गर्ने निर्णय गरियो ।

४. ललितपुर चापागाउँ प्यूटार गिम्दी हुचीटार ताल्ढुंगा सडक (हुचिटार वोरण ताल्ढुंगा खण्ड) स्तरोन्नती

५. खजुलीवेशी पाकदोल देउपाल वोरन सडक निर्माण तथा स्तरोन्नति

६. खानीखोला गाउँपालिकाको प्रमुख श्रोत कृषि भएकोले परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई परिमार्जित गरी वालीमा विविधिकरण गरी कृषि क्षेत्रलाई व्यावसाय मूलक र उत्पादक मुलक वनाउन कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा अनुरोध गर्ने ।

७. खानीखोला गाउँपालिकाको जनताहरूलाई सेवा सुविधा दिन सुविधायुक्त अस्पताल निर्माण गरी दक्ष जनशक्तिको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

८. खानीखोला गाउँपालिका भित्र राष्ट्रिय विद्युत प्रशारण लाइन नभएकोले सम्पूर्ण सरकारी